निर्णय नं १.
मेलम्ची नगरपालिकाको आ.व. ०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम, मेलम्ची नगरपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न, केहि कर,शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न र हेरफेर गर्न वनेको आर्थिक विधेयक, २०७६ र खर्च सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विनियोजन विधेयक, २०७६ लाई स्विकृत गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २.
मेलम्ची न.पा. १ भोटेचौर स्थित श्री जलेश्वरी आधारभुत विद्यालयवाट सम्वन्धीत वडा कार्यालयको सिफारिस सहित लागत अनुमान वमोजिमको रकम रु ७ लाख ५५ हजार ३९९ माग भई आएकोमा उक्त कार्यका लागि रु ७,५५,०००।- (अक्षेरेपी सातलाख पचपन्नहजार) यस कार्यालयको विपद व्यवस्थापन शिर्षक बाट दिने निर्णय गरियो ।

निर्णय नं ३.
लागु औषधको नियन्त्रण र रोकथाम सम्वन्धी कार्यक्रम संचालन सम्वन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६ वमोजिम गठन हुने स्थानीय समितिमा देहायका सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| १ डम्वर वहादुर अर्याल | नगरप्रमुख | अध्यक्ष |
| २ भगवती नेपाल | नगर उपप्रमुख | सदस्य |
| ३ ज्ञानेन्द्र प्रसाद घोरासैनी | स्वास्थ्य संयोजक | ,, |
| ४ रविप्रसाद शर्मा | शिक्षा शाखा प्रमुख | ,, |
| ५ कविता आचार्य | प्र.अ. सिद्धिगणेश आ.वि. | ,, |
| ६ राधाकृष्ण श्रेष्ठ | प्र.अ. इन्द्रेश्वरी मा.वि. | ,, |
| ७ शुदर्शन दुलाल | प्रिन्सिपल समता अंग्रेजी वि. | ,, |
| ८ रिता माझी | स्थानीय आमा समुह मेलम्ची १२ | ,, |
| ९ रामवहादुर तामाङ्ग | सेतीदेवी युवा क्लव मेलम्ची ९ | ,, |
| १० देवराज सुवेदी | स्थानीय सञ्चारकर्मी मेलम्ची एफ एम | ,, |
| ११ महेन्द्र दर्नाल | प्रहरी निरीक्षक स्थानीय प्रहरी प्रमुख | ,, |
| १२ देवी प्रसाद थपलिया | प्रमुख प्रशासकिय अधिकृत मेलम्ची न.पा. | सदस्य सचिव |

निर्णय नं ४
कृति कृतित्व प्रकाशनको लागि बलेफी २ सिन्धुपाल्चोक वस्ने निवेदक चन्द्रप्रसाद न्यौपानेवाट सहयोग स्वरुप रु १ लाख उपलब्ध गराई दिनुहुन भनी माग भई आएकोमा यस कार्यालयको छपाई शीर्षकवाट रु २५,०००।- ( अक्षेरेपी रु पच्चिस हजार मात्र ) दिने निर्णय गरियो ।

निर्णय नं ५
दलित युवा स्वयंसेवक सञ्जाल सिन्धुपाल्चोकवाट संजालको कार्यक्रम विस्तार र तालिम संचालन गर्न आर्थिक सहयोग माग गरेकोमा यस कार्यालयको लक्षीत तथा समावेशी कार्यक्रम शीर्षकवाट रु ४०,०००।-(रु चालिस हजार मात्र ) दिने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं ६
श्री भूमेस्थान आधारभूत विद्यालय मेलम्ची १० ज्यामिरेका विद्यार्थीहरुका लागि कक्षा कोठा तयारी गर्न सहयोग स्वरुप रु ७ लाख माग भई आएकोमा यस कार्यालयको आन्तरिक पूंजीगत शिक्षा शीर्षकवाट उक्त विद्यालयलाई रु २,००,०००।- (रु दुईलाख) दिने निर्णय गरियो ।

निर्णय नं ७
पाटन संयुक्त क्याम्पसमा अध्ययनरत मेलम्ची न.पा. १३ निवासी विद्यार्थी सन्तोष ढकाललाई वैज्ञानिक अनुसन्धानको लागि यस कार्यालयको आन्तरिक पुंजीगत शिक्षा शीर्षकवाट आर्थिक सहयोग स्वरुप रु ५०,०००।-( रु पचासहजार) दिने निर्णय गरियो ।

निर्णय नं ८
जाल्केश्वरी वालुवा प्रशोधन प्रा.लि. ले मेलम्ची १ मा वालुवा प्रशोधनको लागि प्रारम्भिक सहमती पाउं भनी निवेदन पेश गरेकोमा जनप्रतिनिधिको रोहवरमा स्थानीय भेला गराई उनीहरुको सहमती माग गर्ने र खोलामा प्रदुषित पानी जान नदिन कार्य योजना समेतको प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं ९
लहरेदेवी ट्रेडिङ्ग प्रा.लि. ले मेलम्ची १३ मा वालुवा प्रशोधनको लागि प्रारम्भिक सहमती पाउं भनी निवेदन पेश गरेकोमा जनप्रतिनिधिको रोहवरमा स्थानीय भेला गराई उनीहरुको सहमती माग गर्ने र खोलामा प्रदुषित पानी जान नदिन कार्य योजना समेतको प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं १०
मेलम्ची नगरपालिकाका नगरप्रमुख डम्वर वहादुर अर्याल र १३ नं वडाका वडाअध्यक्ष देवेन्द्र घोरासैनीको विदेश भ्रमण सम्वन्धमा छलफल हुंदा नगरप्रमुखलाई नियमानुसारको दैनिक तथा भ्रमण भत्ता र आतेजाते खर्च दिनेगरी निजको भ्रमण स्विकृत गर्ने र वडा नं १३ का वडाअध्यक्षलाई निजकै खर्चमा विदेश भ्रमण गर्न अनुमती दिने निर्णय गरियो ।

निर्णय नं ११
मेलम्ची न.पा. १ भोटेचौर स्थित एग्रीकल्चर अर्गानिक भिलेज प्रा.लि.को शित भण्डार निर्माणको लागि रकम सहयोग पाउं भनी निवेदन दिएंकोमा सम्वन्धित वडा कार्यालयसंग आवश्यक समन्वय गरी उपयुक्त देखिएको सार्वजनीक जग्गामा उक्त प्रा.लि.लाई शित भण्डार निर्माण गर्न सार्वजनिक नीजि साझेदारी शिर्षकवाट रु १५,००,०००।-( रु पन्ध्रलाख ) दिने निर्णय गरियो ।

निर्णय नं १२
विपद सामग्री भण्डारणको लागि टहरा निर्माणार्थ नं २ जगदल गण मेलम्चीलाई यस कार्यालयको भवन शाखाको लागत अनुमान वमोजिम विपद व्यवस्थापन शिर्षकवाट रु १२,५०,०००।-( अक्षेरेपी वाह्रलाख पचासहजार रुपैयां ) दिने निर्णय गरियो ।

निर्णय नं १३
मेलम्ची ८ केउरानी स्थित ज्यामीडांडा - लाभगाउं सडक स्तरोन्नतीको लागि जनसहभागीताको कार्यक्रम अन्तर्गत निवेदन माग भई आएकोमा पूर्वाधार शाखाको ल.ई. वमोजिम सार्वजनिक नीजि साझेदारी कार्यक्रम अन्तर्गत उपरोक्त वडाका उपभोक्ताहरुले व्यहोर्नु पर्ने ३० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गरेपछि उक्त कार्यक्रम संचालन गर्न संझौता गरी कार्य अगाडी वढाउने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं १४

मेलम्ची न.पा. १ भोटेचौर स्थित चिसो स्वास्थ्य राम्चे ठुलोपाटा खानेपानीको मुहान क्षेत्रमा रहेको ट्याङ्की वर्षादको समयमा बाढीको कारण क्षतिग्रस्त भएकोले सम्वन्धित वडाको सिफारिस सहित उक्त खानेपानी उपभोक्ता समितिका अध्यक्ष रामसिंह तामाङ्गले लागत अनुमान वमोजिम रु १ लाख २ हजार सहयोग माग गरेकोमा विपद व्यवस्थापन शीर्षकवाट उक्त रकम दिने निर्णय गरियो ।

निर्णय नं १५

विविपि परिवार काठमाडौंवाट नौलिङ्ग स्वास्थ्य चौकी मेलम्ची ९ लाई साझेदारी संस्था वनाई स्वास्थ्य सम्वन्धी कार्यक्रम गर्न सहमती माग गरेकोमा उक्त संस्थालाई कार्यक्रम संचालन गर्न सहमती दिने निर्णय गरियो ।

निर्णय नं १६

विद्यालय संरचना मर्मत तथा सम्भार कार्यविधि, २०७६ पारित गर्ने निर्णय गरियो ।

२०७६।१।८

Scanned by CamScanner